आज मिति २०७८।०४।१४ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटिको अध्यक्षतामा जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ. ,जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी, स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी, प्र.प्र.अ., रा.अ.जि.का. | - सदस्य |
| श्री जितेन्द्र कार्की, सह-सेनानी, सु.से.मु. गमगढी | - सदस्य |
| श्री भिमराज सेजुवाल, नि.जि.स.अ., | - सदस्य |
| श्री दिप बहादुर रावल, नि.प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोईराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

अन्य उपस्थिति

श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री अविनाश उपाध्याय, एच.ई.एस.टि.ओ., स्वास्थ्य सेवा कार्यालय, मुगु

निर्णय नं. १

कोभिड-१९ को रोकथाम एवं नियन्त्रणका सम्बन्धमा यस अघि DCMC बैठकले गरेका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २

कोभिड-१९ संक्रमणको रोकथाम र न्यूनीकरणका लागि यस जिल्लामा पछिल्लो पटक मिति २०७८।०४।१४ गते राती १२:०० बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा जिल्ला भित्र अझै ६९ जना सक्रिय संक्रमित रहेको र दैनिक जसो सक्रिय संक्रमित संख्या बढ्दै गई कोभिड-१९ को संक्रमणको जोखिम कायमै रहेकाले सबै व्यवस्था यथावत रहने गरी पुनः मिति २०७८।०४।२२ गते राती १२:०० बजे सम्मका लागि उक्त निषेधाज्ञालाई निरन्तरता दिन प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने ।